## मिति २०७५/१०/२५ गते वसेको जिल्ला समन्वय समितिको बैठकको निर्णयहरुः

१. मिति २०७५ माघ २८ गते सोमवार दिनको २ वजे जिल्ला भित्रका सवै स्थानीय तहका प्रमुख, उपप्रमुख र प्रमुख प्रशासकिय अधिकृतलाई नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७५/०९/०६ को निर्णयबाट स्वीकृत जिल्ला समन्वय समितिको मौज्दात कोष संचालन निर्देशिका, २०७५ को वारेमा जानकारी एवं उक्त निर्देशिकामा भएको व्यवस्था वमोजिम स्थानीय तहहरुको पूर्वाधार निर्माण सम्वन्धमा हुने वैठकमा नगरपालिकाहरुसंग आवश्यक राय सुझाव र परामर्श लिने निर्णय गरियो ।

२. मदन भण्डारी मेमोरियल कलेज, का.म.पा. १०, शान्तिनगरको भवन निर्माण सम्वन्धमा तत्कालिन जिल्ला विकास समिति र डाँफे-स्काई-आरडि- खानी जे.भि.विच मिति २०६३/०४/१६ मा भएको भवन निर्माण सम्झौता भएकोमा त्यस अवधिमा मुल्य समायोजनको रकम रु. २९,८२,९२९।२३ ठेकेदार कम्पनीले दावी गरेको सम्वन्धमा मध्यस्थ टाईवुनलबाट मिति २०७५/०२/१५ मा डांफे-स्काई-आरडि-खानी जे.भि.लाई मूल्य समायोजन वापतको रकम दिने भनी भएको निर्णय उपर चित्त नवुझी जि.स.स.को मिति २०७५/०३/०७ को वैठकको निर्णयानुसार उच्च अदालत पाटनमा मिति २०७५/०३/२० मा पुनरावेदन गरिएकोमा उच्च अदालत पाटनबाट मध्यस्थ टाईवुनलको निर्णय मिलेको देखिँदा पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्दैन भनी मिति २०७५/०६/२२ मा निर्णय भै पूर्ण पाठ सहितको फैसला प्राप्त भएको हुँदा अदालतको आदेशानुसार ठहर भएको रकम रु. २९,८२,९२९।२३ डांफे-स्काई-आरडि-खानी जे.भि. लाई नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७५/०९/०६ को निर्णयबाट स्वीकृत जिल्ला समन्वय समितिको मौज्दात कोष संचालन निर्देशिका, २०७५ को दफा १० को उपदफा (२) समेतको आधारमा जि.स.स.को आ.व. २०७४/०७५ को मौज्दात कोषमा संचित रकमबाट कट्टा गरी भुक्तानी दिने निर्णय गरियो ।

३. फर्पिङ्ग-टल्कु-हुमाने भन्ज्याङ्ग-कुलेखानी सडक खण्डमा आ.व. २०७३/०७४ को लागि पटके सवारी कर संकलनका लागि छनौट भएको ठेकेदार श्री एस.एस.कम्पनी प्रा.लि., नागार्जुन न.पा. १, काठमाडौंले उक्त आ.व.मा सडक स्तरोन्नतीको लागि जि.वि.स./जि.प्रा.का. मकवानपुरले सडक बन्द गरेको अवधिको दामासाहीले हुने रकम फिर्ता उपलब्ध गराई पाउन भनी उच्च अदालत पाटनमा दायर गरेको मुद्धाको सम्बन्धमा उच्च अदालत पाटनको मिति २०७५/०९/१८ को निर्णयानुसार सो सडक वन्द रहेको अवधिको हुन आउने रकम निवेदक ठेकेदार कम्पनीलाई छुट दिन नमिल्ने भन्न मिल्ने नदेखिंदा सो अवधिको दामासाहीले हुन आउने रकम छुट दिन नमिल्ने भनी भएको जिल्ला समन्वय समितिको मिति २०७५/०३/०७ को निर्णय एवं पत्राचार समेत कानून सम्मत नदेखिँदा उत्प्रेषणको आदेशले वदर गरिदिएको छ । अव, सो सडक वन्द रहेको अवधिको दामासाहीले हुन आउने रकम निवेदक ठेकेदार कम्पनीलाई मिनाहा दिई फिर्ता दिनु भनी जिल्ला समन्वय समिति काठमाडौंको नाममा परमादेश आदेश जारी हुने ठहर्छ भनी फैसला भै फैसलाको पूर्ण पाठ समेत प्राप्त भएकोले नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७५/०९/०६ को निर्णयबाट स्वीकृत जिल्ला समन्वय समितिको मौज्दात कोष संचालन निर्देशिका, २०७५ को वुँदा दफा १० को उपदफा (२) समेतको आधारमा जि.स.स.को आ.व. २०७४/०७५ को मौज्दात कोषमा संचित रकमबाट एस.एस. कम्पनी प्रा.लि. नागार्जुन न.पा. १, काठमाडौंलाई अदालतबाट ठहर भए वमोजिम देहाय बमोजिमले हुन आउने रकम रु. ५,०३,३३४।०० भुक्तानी दिने निर्णय गरियो ।

**तपशिल**

| | |
|---|---|
| कवोल अंक रु. | १२,१२,१२५.०० |
| एकमुष्ट रकम दाखिला गर्दा छुट दिइएको रकम (९.५ प्रतिशत) | १,१५,१५१.०० |
| कार्यालयले गरेको खुद आम्दानी | १०,९६,९७३.०० |
| सम्झौता अवधि (२०७३/०४/१३ देखि २०७४/०३/३१) | ३५३ दिन |
| प्रतिदिन दामासाहीले हुने रकम रु. | ३१०७.०० |
| दावीकर्ताले मुद्धा दायर गर्दा उल्लेख गरेको सडक यातायात वन्द भएको अवधि ५ महिना १२ दिन | १६२ दिन |
| कार्यालयले भुक्तानी दिनुपर्ने रकम रु. (१६२×३१०७) | ५,०३,३३४.०० |